आज मिति २०८३ साल बैशाख ४ गते शुक्रबारका दिन नौमूले गाउँपालिकाका अध्यक्ष श्री छविराम सुवेदीज्यूको अध्यक्षतामा नौमूले गाउँकार्यपालिकाको कार्यालय भवनमा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरियो ।

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री छविराम सुवेदी | अध्यक्ष | |
| २. | श्री गंग बहादुर शाही | उपाध्यक्ष | |
| ३. | श्री रुपेश कुमार थापा मगर | सदस्य (वडा नं. १, वडा अध्यक्ष) | |
| ४. | श्री दुर्ग प्रसाद शर्मा | सदस्य (वडा नं.२, वडा अध्यक्ष) | |
| ५. | श्री नर बहादुर पुरी | सदस्य (वडा नं. ३, वडा अध्यक्ष) | |
| ६. | श्री चन्द्रलाल बस्नेत | सदस्य (वडा नं. ४, वडा अध्यक्ष) | |
| ७. | श्री कृष्ण बहादुर सलामी | सदस्य (वडा नं. ५, वडा अध्यक्ष) | |
| ८. | श्री लाल बहादुर चन्द | सदस्य (वडा नं. ६, वडा अध्यक्ष) | |
| ९. | श्री टेक बहादुर सिजाली मगर | सदस्य (वडा नं. ७, वडा अध्यक्ष) | |
| १०. | श्री विर बहादुर चन्द | सदस्य (वडा नं. ८, का.बा. वडा अध्यक्ष) | |
| ११. | श्री रन बहादुर सुनार | सदस्य | |
| १२. | श्री भिम बहादुर वि.क. | सदस्य | |
| १३. | श्री देवी सिंह (शाही) | सदस्य | |
| १४. | श्री कला नेपाली | सदस्य | |
| १५. | श्री करिमा सुनार | सदस्य | |
| १६. | श्री शिपकला बस्नेत | सदस्य | |
| १७. | श्री दमन दाहाल | सदस्य सचिव (प्र.प्र.अधिकृत) | |
| | आमन्त्रित/सहयोगी कर्मचारीहरु | | |
| १. | श्री खड्क बहादुर डाँगी | लेखा अधिकृत खाते | |
| २. | श्री भविराज जोशी | लेखा अधिकृत | |
| ३. | श्री इन्द्र ब. के.सी. | प्रशासकीय अधिकृत | |
| ४. | श्री खगेन्द्र ब. रोकाय | ई-इं. | |

# नौमूले गाउँकार्यपालिकाका बैठकको निर्णय

बैठक मितिः-२०८३/०१/०४ समयः- बिहान ८:०० बजे

स्थानः-नौमूले गाँउकार्यपालिकाको कार्यालय बैठक संख्याः- १०/२०८१/०८२

गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावमा छलफल गरी देहाय बमोजिमको निर्णय गरिएको छ ।

**निर्णयहरुः-**

निर्णय नं. १

नौमूले गाउँपालिकामा प्रदेश विशेष अनुदान बाँझो जमिनमा सहकारी खेती कार्यक्रम अन्तरर्गत पहिलो सूचना मिति २०८२।०९।०६ गते र दोस्रो सूचना मिति २०८२।०९।२१ गतेको सूचना बमोजिम प्राप्त भएका ११ वटा प्रस्तावनाहरुको मूल्यांकन समितिबाट कागजात मूल्यांकन र स्थलगत निरिक्षण गरी यस कार्यपालिकालाई पेस गरेको तपसिल बमोजिमका फर्महरुको मूल्यांकन गरी प्रथामिकरण सिफारिस भई आएको निर्णयलाई पारित गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| .स. | प्रस्तावित विवरण | ठेगाना | सम्भावनाक्षेत्रफल (रोपनी) | मूल्यांकनबाट प्राप्त अंकभार | सम्भावना भएका बालीहरु | कृषक समूह /फर्म / सहकारी अध्यक्षको नाम थर | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| १ | लाली गुराँस कृषि जडिबुटी तथा पशुपंक्षी फर्म | पैती ७ | २० | ४० | अलैची | राजु ठकुल्ला | |
| २ | लामपाटा आयआर्जन कृषक समूह | चौराठा ८ | १०० | ३७ | सुन्तला,काँगती,टिमुर,आप, लिचि,केरा | पुर्ण बहादुर चन्द | |
| ३ | कालीका एकिकृत कृषि तथा पशुपालन सहकारी संस्था लि | काली का ४ | २०० | ३६ | सुन्तला, काँगती, टिमुर, केरा | शन्तोष दर्लामी मगर | |
| ४ | नवज्योती हिमालय कृषि तथा पशुपालन सहकारी संस्था | सल्लेरी ६ | १८० | ३५ | सुन्तला,काँगती,टिमुर एभोकाडो केरा | रत्न बहादुर बुढा | |
| ५ | भैरव लघु कृषि सहकारी संस्था लिमिटेड | ढारी ३ | ३०० | ३४ | सुन्तला, काँगती, टिमुर, केरा, फापर, कोदो, सिमी | मोतिलाल सुनखरी | |
| ६ | मुलधारा कृषि तथा पशुपालन समूह | सल्लेरी ६ | १०० | ३४ | सुन्तला, काँगती, टिमुर, केरा | गोपाल सुनार | |
| ७ | पार्वती फलफूल पशुपंक्षी नर्सरी फर्म | पैती ७ | १० | ३३ | कागति र सुन्तला | पार्वती क्षेत्री | |
| ८ | आधुनिक चन्द कृषि पशुपंक्षी फर्म | सल्लेरी ६ | ३० | ३१ | सुन्तला, काँगती, टिमुर, केरा फापर | अर्जुन चन्द | |
| ९ | बडिमालिका कृषि तथा पशुपंक्षी फर्म | तोली १ | २० | ० | सुन्तला,काँगती,टिमुर,एभोकाडो | कर्ण बहादुर शाही | राष्ट्रिय फल विशेष कार्यक्रम गर्न इच्छुक रहेकाले |
| १० | हिले फलफूल कृषि तथा पशुपंक्षी फर्म | ढारी ३ | २० | ० | टिमुर, कागति, सुन्तला | तुलसी कठायत | सहकारीमा आवद्ध |
| ११ | भोटेखाडा तरकारी तथा माछापालन कृषक समूह | काली का ४ | ४० | ० | सुन्तला, काँगती, टिमुर, केरा | शन्तोष दर्लामी मगर | कृषक समूह र सहकारी एकै ठाँउमा रहेको र लाभग्राही पनि एउटै भएको |

CamScanner

निर्णय २

नौमुले गाउँपालिकामा प्रदेश विशेष अनुदान बाँझो जमिनमा सहकारी खेती कार्यक्रमका लागि मूल्यांकन समितिबाट प्रस्तावहरुको कागजात मूल्यांकन र स्थलगत निरिक्षण, प्राविधिक मुल्यांकन, भौगोलिक अवस्था, बाली विशेष उत्पादन समुह सहकारि सक्रियताको आधारमा, खेती योग्य जमिन, समुह सहकारीको गतिशिलताका आधारमा तपशिल बमोजिमको रकम बजेट बाँडफाँड गरिएकोमा बडिमालिका कृषि तथा पशुपंक्षी फर्म तोलि का संचालकले राष्ट्रिय फल बिषेश कार्यक्रम गर्न इच्छुक रहेकाले सो फर्मलाई हटाएको र बाँकी बाँडफाँड गरी पेश भए बमोजिमकै तपसिलको फर्मलाई स्वीकृती गर्ने निर्णय गरियो ।

तपसिल

| क. स. | प्रस्तावित विवरण | ठेगाना | सम्भावना क्षेत्रफल (रोपनी) | प्रस्तावित बजेट रु. | कैफीयत |
|---|---|---|---|---|---|
| १ | लाली गुराँस कृषि जडिबुटी तथा पशुपंक्षी फर्म | पैती ७ | २० | रु.६०,०००। | |
| २ | लामपाटा आयआर्जन कृषक समुह | चौराठा ८ | १०० | रु.३,००,०००। | |
| ३ | कालीका एकिकृत कृषि तथा पशुपालन सहकारी संस्था लि | कालीका ४ | २०० | रु.६,००,०००। | |
| ४ | नवज्योती हिमालय कृषि तथा पशुपालन सहकारी संस्था | सल्लेरी ६ | १८० | रु.५,००,०००। | |
| ५ | भैरव लघु कृषि सहकारी संस्था लिमिटेड | ढारी ३ | ३०० | रु.९,००,०००। | |
| ६ | मुलधारा कृषि तथा पशुपालन समुह | सल्लेरी ६ | १०० | रु.३,००,०००। | |
| ७ | पार्वती फलफुल पशुपंक्षी नर्सरी फर्म | पैती ७ | १० | रु.३०,०००। | |
| ८ | आधुनिक चन्द कृषि पशुपंक्षी फर्म | सल्लेरी ६ | ३० | रु.६०,०००। | |
| | जम्मा | | १००० | रु.२७,५०,०००। | |

निर्णय नं. ३

नौमुले गाउँपालिकामा प्रदेश विशेष अनुदान बाँझो जमिनमा सहकारी खेती कार्यक्रमका लागि बजेट बाँडफाँड गरि कृषि शाखाले पेस गरी छनौटमा परेका कृषि फर्म/समुह/सहकारीको बजेट बाँडफाँड सहितको सूचना सार्वजनिक गर्ने र सम्झौता प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ४

यस कार्यपालिकामा पेस भएका तपसिलका मापदण्डहरु पारित गर्ने निर्णय गरीयो ।

- बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड, २०८३

CamScanner

निर्णय नं. ५

संघीय सरकारको शसर्त अनुदान र यस नौमूले गाउँपालिकाको साझेदारीमा संचालन हुने भेडा प्रवर्द्धन कार्यक्रम संचालनका लागि मिति २०८२।१०।०९ गते प्रकाशित प्रस्ताव आव्हान सम्बन्धि सूचना अनुसार प्राप्त बिभिन्न ३ वटा कृषक समहका आवेदनहरुमध्ये "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२"को परिच्छेद २, दफा १२ (१) बमोजिम गठित कार्यक्रम कार्यान्वयन सहजीकरण समितिले स्थलगत अनुगमन गरी तोकिएको मापदण्ड तथा पूर्व स्वीकृत कार्यक्रमको स्टीमेट बमोजिम समितिको मिति २०८२।११।२८ गते बसेको बैठकको निर्णयानुसार तपसिल बमोजिमका २ वटा समूहहरुलाई छनौट गरी सिफारिस आएकोमा कार्यपालिकाबाट स्वीकृतीको निर्णय गरीएको छ ।

तपसिल:

छनौटका लागि सिफारिश गरीएका समुह सहकारीहरुलाई छनोट गरीएको छ ।

| क.सं. | समुहको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १. | हिमचुली भेडपालन कृषक समुह | नौमूले गा.पा.-२, बालुवाटार | खड्कबहादुर सिंह | ९७६७५२५२९२ | |
| २. | गोपेनीदेवी महादेव भेडा बाखापालन कृषक समुह | नौमूले गा.पा.-३, द्वारी | दिपेन्द्र खत्री | ९७६८७७७७१८ | |

निर्णय नं. ६

संघीय सरकारको शसर्त अनुदान र यस नौमूले गाउँपालिकाको साझेदारीमा संचालन हुने गाई भैसी प्रवर्द्धन कार्यक्रम संचालनका लागि मिति २०८२।११।२७ गते प्रकाशित प्रस्ताव आव्हान सम्बन्धि सूचना अनुसार १ वटा समुहको मात्र एकल आवेदन प्राप्त भएकाले "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को परिच्छेद २, दफा १२(१) बमोजिम गठित कार्यक्रम कार्यान्वयन सहजीकरण समितिले स्थलगत अनुगमन गरी तोकिएको मापदण्ड तथा पूर्व स्वीकृत कार्यक्रमको स्टीमेट बमोजिम समितिको मिति २०८२।१२।१८ गते बसेको बैठकको निर्णयानुसार तपसिल बमोजिमको समूहलाई छनौट गरी कार्यपालिकाबाट स्वीकृतीका लागि सिफारिस गरीएकोमा उक्त फर्म हरुलाई छनोट गर्ने निर्णय गरीयो ।

तपसिल:

छनौटका लागि सिफारिस गरीएका समुह सहकारी

| क.सं. | समुहको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १. | नमूना कृषि तथा पशुपालन कृषक समुह | नौमूले गा.पा.-८, चौराठा | बिष्णुप्रसाद जैसी | ९८००५०७८१९ | |

निर्णय नं.७

यस गाउँपालिकामा नेपाल सङ्गित तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा वृहतररुपमा २०८३ वैशाख ३ र ४ गते सञ्चालन हुन गईरहेको प्रदेश स्तरीय कर्णाली लोक नृत्य एवम् सांस्कृतिक सम्मेलन-२०८३ को लागि प्रतिवद्दता बमोजिम व्यवस्थापकीय सहयोगको लागि आवश्यक बजेट व्वस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. ८

नौमूले गाउँपालिकामा आ.व २०८२/०८३ मा संघिय सरकारबाट हस्तान्तरित कार्यकम (शशर्त अनुदान) स्थानीय तहमा जिवीकोपार्जन सूधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ मापदण्ड अनुसार प्रथम र दोस्रो पटक सूचना प्रकाशन गर्दा समेत कुनै संस्थाको प्रस्ताव नआएको हुदाँ कार्यविधि अनुसार प्रस्ताव मूल्याङ्कन तथा छनोट सिफारिस समितिको मिति २०८२।१०।०६ को निर्णयानुसार महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट तालिम सञ्चालन गर्ने र सहभागी कार्यविधिको मापदण्ड बमोजिम लक्षित समूह भित्र पर्ने नौमूले गाउँपालिकाको ८ वटै वडाको वडासमितिले छनोट गरी पठाएका २५ जना व्यक्तिलाई यस गाउँपालिकाको भूगोल, बजारको अवस्थालाई मध्यनजर गरी सहभागीको इच्छाबमोजिम बाख्रा पालन तालिम सञ्चालन गर्ने र व्यवसाय सञ्चालन खर्च अनुदान वापत प्रति व्यक्ति रु २६०००।-मात्र उनीहरुको खातामा गाउँपालिकाले उपलब्ध गराउने निर्णय गरीयो। निजहरुले स्वयम् स्थान सुहाउदो उन्नत जातको बाख्रा जिल्ला दररेट अनुरुप र स्वास्थ्य परीक्षण गराएर खरिद गरी व्यवसाय सञ्चालन गर्ने र सोको अनुगमन पशु चिकित्सक, प्रस्ताव मूल्याङ्कन तथा छनौट सिफारिस समिति र गाउँपालिकाले गर्ने निर्णय गरीयो ।

निर्णय नं. ९

नौमूले गाउँपालिकामा आ.व २०८२/०८३ मा संघिय सरकारबाट हस्तान्तरित कार्यकम (शशर्त अनुदान) राष्ट्रिय फल विषेश कार्यक्रमका लागि मूल्यांकन समितिबाट प्रस्तावहरुको कागजात मूल्यांकन र स्थलगत निरिक्षण, प्राविधिक मुल्यांकन, भौगोलिक अवस्था र समुह सहकारी सक्रियताको आधारमा, खेति योग्य जमिन, समुह सहकारीको गतिशिलताका आधारमा तपसिल बमोजिमको रमक बजेट बाँडफाँड गरी पेश भए बमोजिमकै तपसिलको फर्मलाई स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

| क.स. | प्रस्तावित विवरण | ठेगाना | प्रस्तावित बजेट (रु.) | कैफीयत |
|---|---|---|---|---|
| १ | खनाल निजि नर्सरी | तोली १ | रु.५०,००० | |
| २ | हिमाल कृषि तथा पशुपंक्षी फर्म | बालुवाटार २ | रु.५०,००० | |
| ३ | पिपल चौतारा पशुपंक्षी तथा कृषि समुह | बालुवाटार २ | रु.१,००,०००। | |
| ४ | वडिमालिका कृषि तथा पशुपंक्षी फर्म | तोली १ | रु.५०,०००। | |
| ५ | लाली गुराँस तरकारि उत्पादन समुह | तोली १ | रु.१,००,०००। | |
| ६ | कर्णाली ग्रामिण कृषि तथा पशुपंक्षी फर्म | ढारी ३ | रु.२५,०००। | |
| ७ | लाली गुराँस पशुपालन कृषक समुह | ढारी ३ | रु.१,००,०००। | |
| ८ | बैधानिक कृषि तथा जडिबुटी उत्पादन कृषक समूह | सल्लेरी ६ | रु.२,००,०००। | |
| ९ | नमुना कृषि तथा पशुपालन कृषक समुह | चौराठा ८ | रु.२,००,०००। | |
| | जम्मा: | | रु.८,७५,०००। | |

निर्णय नं. १०

यस गाउँपालिकाको चालु आ.व.२०८२।०८३ मा संघीय सरकार विशेष अनुदान विपन्न नागरिक आवास (खरको छाना मुक्त कार्यक्रम) बजेट शिर्षकमा रु.६८०००००। विनियोजन भै यस गा.पा.बाट e-bidding माफर्त खरिद प्रकृया पुरा गरि पाता यस पालिकाका विभिन्न वडाका लाभग्राही लाई वितरण गरिएको मा अधिकांश लाभग्रही छुट हुन गएकाले खरिद प्रक्रियाबाट रु.३०६२५२५। बचत भएको रकमबाट पुनः पाता खरिद गरि छुट भएका लाभग्राही लाई वितरण गर्न आवश्यक देखिएकाले बचत रकम वाट पुनःखरिद प्रकृया अगाडी बढाउन सहमतिका लागि श्री नेपाल सरकार अर्थ मन्त्रालयलाई अनुरोध गरि पठाउने निर्णय गरियो।

CamScanner

निर्णय नं. ११

कर्णाली प्रदेश विशेष अनुदान तर्फ आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रम नौमूले गा.पा. वडा नं. १ देखि ८ शिर्षकमा प्राप्त अनुदान प्राथमिक स्वास्थ्य केन्द्र नौमूलेमा सबै वडाका सेवाग्राहीहरू सेवा लिन आउने र उक्त संस्थामा एक्स-रे सेवा संचालन गर्न अति आवश्यक देखिएको हुँदा एक थान डिजीटल एक्स -रे खरिदलाई पहिलो प्राथमिकतामा राखी प्राप्त बजेट रु. ३० लाखको परिधिमा रही अन्य आवश्यक औजार उपकरण समेत प्रचलित ऐन नियम बमोजिम खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

मानसिक रोग सम्बन्धि औषधि पटक पटक माग गर्दा समेत प्रदेश सरकार स्वास्थ्य सेवा कार्यालयवाट प्राप्त हुन नसकेको हुँदा चालु आ.व. ०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कर्णाली मानसिक स्वास्थ्य परियोजना (सि.एम.सि.नेपाल) साझेदारी कार्यक्रम तर्फ विनियोजित बजेटवाट मानसिक रोग सम्बन्धि औषधि खरिद गरि सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

यस गाउँपालिका अन्तर्गत वडा नं. २ बालुवाटार – रापट-नौफेरी - भावासैनी हुँदै कागते सम्म जोड्ने मोटर बाटो मर्मत सम्भार गर्न आवश्यक रकम यस पालिकाको आर्थिक अवस्था कमजोर रहेको हुँदा पर्याप्त रकम अभावमा मर्मत सम्भार हुन नसकेकोले यस गाउँ पालिकाको सिंगै २ नम्बर वडाका नागरिकहरूले यातायात सेवा पाउन वाट बञ्चित हुन् परेको र २ नं. वडाका विभिन्न कृषि उपज लगायतका उत्पादनहरू बजार सम्म ल्याउन कठिनाई भएकोले उक्त मोटरबाटोको यथोचित मर्मत सम्भारको लागि आवश्यक पर्ने रकम विनियोजन गरि दिनु हुन स्थानीय पुर्वाधार विकास कार्यन्वयन ईकाई सुर्खेतमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

निर्णय नं. १४

यस नौमूले गाउँपालिको कार्यालयबाटबाट संचालित गाडी नम्बर क.प्र. ०२-००१ झ ०१०६ रहेको एम्बुलेन्स नौमूले गाउँपालिकाको वडा नं. ५ अन्तर्गत गजमाली डाँडामा मिति २०८२/१०/२१ गते दुर्घटना भई घाइते भएका व्यक्तिहरुको उपचारका लागि नेपालगन्ज मेडिकल कलेज, टीचिङ अस्पताल, कोहलपुर नगरपालिका-११, बाँकेमा उपचार गराए वापत प्राप्त बिल, भरपाइको आधारमा जम्मा रकम रु. १,५८,८०३.८८/- अक्षरुपी एक लाख अन्ठाउन्न हजार आठ सय तीन रुपैयाँ अठासी पैसा मात्र प्रकोप व्यवस्थापनको बजेट शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १५

सडक बोर्ड, काठमाण्डौको २०८२/०९/२८ गतेको प्राप्त पत्रानुसार गजमालीदेखि सालकोट सडक मर्मत तथा स्तरोन्नती कार्य, नौमूले गाउँपालिका वडा नं.-५ मा गर्ने निर्णय गरियो । साथै सो योजनाको निमित्त पालिकाको तर्फबाट गर्नु पर्ने साझेदारी बजेट शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

CamScanner